# स्थानीय राजपत्र

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ३) घ्याङलेख, चैत्र १० गते, २०७६ साल (अतिरिक्ताङ्क १७

## भाग २

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

### सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७६ साल निर्देशिका नं. १**

## ज्येष्ठ नागरिक परिचय-पत्रवितरण निर्देशिका २०७६

**परिचय** : ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सदभाव अभिवृद्धि गर्न साथै राज्यद्धारा तोकिएको सेवा एवंम सुविधाको उच्चित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुची-८ को क्र.स. १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७६ जारी गरिएको छ।

**१. परिचय-पत्र वितरणका आधारः** नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र वितरणका आधार हुनेछन्।

**२. उद्देश्यः**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र गाउँपालिकामा र वडाहरुमा ज्येष्ठ नागरिकहरुको लगत राख्ने।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हकअधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्यसेवा, धार्मीक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदानगर्ने।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकाश प्रक्रियामा सहभागी गराउने।

**३. लक्षित वर्गः** ज्येष्ठ नागरिक सम्बन्धि ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी बर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु।

४. **ज्येष्ठ नागरिकको वर्गीकरण:** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ ले नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ :

क) सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक,

ख) सत्तरी वर्ष पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

ग) असहाय ज्येष्ठ नागरिक,

घ) अशक्त ज्येष्ठ नागरिक,

ङ) एकल ज्येष्ठ नागरिक ।

५. **परिचय-पत्र वितरणका मापदण्ड:** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्रप्रदान गर्न सकिनेछ ।

६. **ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा:** ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को अनुसुची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूचि १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (Size) नेपाली नागरिताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ । साथै ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्तीका लागि पेश गरिने निवेदनको ढाँचा यसै निर्देशिकको अनुसुचि-२ बमोजिम हुनेछ ।

७. **परिचय-पत्र वितरण प्रक्रिया:**

क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्तगर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष अनुसुची २ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र २ प्रति अटो साईजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्रप्रदान गर्ने अधिकारी स्थानीयतहको प्रशासकीय प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराईज गरी गाउँपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराईनेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्र हराएको कारणले प्रतिलिपि लिन परेमा सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित सम्बन्धित स्थानिय तहमा निवेदन पेश गर्नुपर्ने छ ।

**८. विविध :**

क) आवश्यकताका आधारमा ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि घ्याङलेख गाउँपालिकाले कार्यविधि निर्धारण गर्नेछ ।

ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा मााथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानूनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

ग) यो कार्ड निःशुल्क रुपमा उपलब्ध हुनेछ ।

९. वितरित परिचय-पत्रको अभिलेख अनुसुचि ३ बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

१०. यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

११. यो निर्देशिकामा कुनै थपघट र हेरफेर गर्नुपरेमा गाउँकार्यपालिका बैठकले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**अनुसुची १**

**नियम-८ सँग सम्बन्धित**

**घ्याङलेख गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**हायुटार, सिन्धुली**

**बागमती. प्रदेश, नेपाल**

**ज्येष्ठ नागरिक परिचय-पत्र**

फोटो

परिचय-पत्र नं.............

नाम थर :......................................      ना. प्र. न. :.................

ठेगाना  जिल्ला ..........................गा.पाः.......................................

वडा नं. .......   टोल/गाउँः..................................उमेरः...............

लिङ्गः........................      वर्ग........................

**उपलब्ध छुट तथा सुविधाहरु :** स्वास्थ्य सेवा सार्वजनिक सवारीमा ५० प्रतिशत छुट, सार्वजनिक स्थलमा प्राथमिकता

पति/पत्नीको नामः.......................................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः.........................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना :.............................................

रक्त समुह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नामः
..........................................................................................

बुझिलिनेको दस्तखत

दायाँ    बायाँ

प्रमाणित गर्ने अधिकृतको :-

दस्तखतः

नाम थरः

पदः

कार्यालयको छाप

**अनुसुची-२**

**नियम ७ (क) सँग सम्बन्धित**

**मिति**..............................

श्री घ्याङलेख गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली ।

**बिषय :** जेष्ठ नागरिक परिचय-पत्रपाँउ ।

उपयुक्त सम्वन्धमा प्रचलित कानून बमोजिम म ज्येष्ठ नागरिक भएको हुँदा ज्येष्ठ नागरिक परिचय-पत्र उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

**निवेदक**

दस्तखत :

नाम :

उमेर :

ठेगाना :

**प्रमाणीकरण मिति २०७६।१२।१०**

**आज्ञाले,**

**राम कुमार कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**